# कार्यपालिका बैठक नं. ३६

## बैठक संख्या २

आज मिति २०८२।०३।२६ गते, बिहान ३:०० बजे डिलासैनी गाउँपालिका अध्यक्ष श्री सन्तोष प्रकाश जोशी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ३६ औं बैठक को बैठक संख्या २ तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सन्तोष प्रकाश जोशी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री भगीरथ बोहरा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री कृष्ण कुमार धामी | सदस्य | |
| ४ | श्री नवराज घरडी | सदस्य | |
| ५ | श्री रघुविर बोहरा | सदस्य | |
| ६ | श्री हरी दत्त पन्त | सदस्य | |
| ७ | श्री यज्ञ राज भट्ट | सदस्य | |

| | | | |
|---|---|---|---|
| ८ | श्री उत्तर बहादुर बोहरा | सदस्य | |
| ९ | श्री प्रकाशमणी भट्ट | सदस्य | |
| १० | श्री कलावती लुहार | सदस्य | |
| ११ | श्री कविता भूल | सदस्य | |
| १२ | श्री दुर्गा धामी | सदस्य | |
| १३ | श्री मानमती लुहार | सदस्य | |
| १४ | श्री बिमला बोहरा | सदस्य | |
| १५ | श्री शारदा बोहरा | सदस्य | |
| १६ | श्री गणेश सिंह बोहरा | सदस्य सचिव | |

CamScanner

**कार्यपालिका बैठक नं. ३६**

**बैठक संख्या २**

**कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:**

**प्रस्ताव नं. १: तह मिलान सम्बन्धमा (सुदूरपश्चिम प्रदेश स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा ३)**

**प्रस्ताव नं. २: तह मिलान सम्बन्धमा (सुदूरपश्चिम प्रदेश स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा १ र २)**

**प्रस्ताव नं. ३: तह बृद्धि सम्बन्धमा (सुदूरपश्चिम प्रदेश स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा ४)**

**प्रस्ताव नं. ४: तह बृद्धि सम्बन्धमा ।**

**प्रस्ताव नं ५ वैदेशीक भ्रमण सम्बन्धमा**

CamScanner

**कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:**

**प्रस्ताव नं १ तह मिलान सम्बन्धमा (सुदुरपश्चिम प्रदेश स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा ३)**

निर्णय नं. १ प्रस्ताव नं १ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा ९ (३) बमोजिम योग्य भएका र डिलासैनी गाउँपालिकाको मिति २०८२।०३।२० गते प्रकाशित सूचना अनुसार रितपूर्वक गाउँपालिकामा दर्ता भएका निवेदनहरुलाई सोही ऐनको दफा ९ (३) बमोजिम कायम हुने गरी तह मिलान गरी नियुक्त प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं २ तह मिलान सम्बन्धमा (सुदूरपश्चिम प्रदेश स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा १ र २)**

निर्णय नं. २ प्रस्ताव नं २ माथि छलफल गर्दा सुदुरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को तफा ९ (१ र २) बमोजिम न्यूनतम योग्यता पुगेका र डिलासैनी गाउँपालिकाको मिति २०८२।०३।२० गते प्रकाशित सूचना अनुसार रीतपूर्वक यस गाउँपालिकामा पेश भई दर्ता गरिएका निवेदकहरुलाई सोही ऐनको दफा ९ को उपदफा (१ र २) बमोजिम जेष्ठताको गणना हुने गरी तहमिलान गरी नियुक्त प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं ३ तह बृद्धि सम्बन्धमा (सुदूरपश्चिम प्रदेश स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा ४)**

निर्णय नं. ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा ९ को उपदफा ४ बमोजिम न्युनतम योग्यता पुरा भएका र डिलासैनी गाउँपालिकाको मिति २०८२।०३।२० गते प्रकाशित सूचना अनुसार रीतपूर्वक गाउँपालिकामा पेश भई दर्ता गरिएका निवेदकहरुलाई सोही ऐनको दफा ९ को उपदफा ४ बमोजिम एक तह बृद्धि गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं ४ तह बृद्धि सम्बन्धमा**

निर्णय नं ४ निर्णय नं ४ माथि छलफल गर्दा कर्मचारी समायोजना ऐन, २०७५ को दफा ७ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय अनुसार न्यूनतम ५ वर्ष सेवा अवधि पुरा गरेका छैटौं तहमा समायोजना गरिएका र डिलासैनी गाउँपालिकाको मिति २०८२।०३।२० को सूचना अनुसार रीतपूर्वक पेश भई दर्ता गरिएका निवेदकहरुलाई एक तह बृद्धि गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं ५ वैदेशीक भ्रमण सम्बन्धमा**

निर्णय नं ५ निर्णय नं ५ माथि छलफल गर्दा भारतीय राज दुतावासको निमन्त्रणामा भारतको तिलङ्गाना राज्यको हैदरावाद मा १३ जुलाई २०२५ देखि २३ जुलाई २०२५ सम्म (२०८२ असार २९ देखि २०८२ श्रावण ७) सम्म यस गाउँपालिकाका अध्यक्ष श्री सन्तोष प्रकाश जोशीलाई सो कार्यक्रममा सहभागी हुनका लागि भ्रमण स्वीकृती गर्ने र अनुमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।